# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चन्द्रौटा, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३/०८४
चलानी नम्बर :

मिति : २०८३।०५।१७

विषयः स्वयंसेवक शिक्षकको पदपूर्ति सम्बन्धी सूचना।

शिवराज नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा रिक्त रहेको स्वयंसेवक शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्नका लागि योग्य उम्मेदवारहरूले यस नगरपालिकाको निर्धारित दरखास्त फाराम भरी यो सूचना प्रकाशित भएको १५ दिनभित्र आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

स्वयंसेवक शिक्षकको पदपूर्ति विवरणः

| १. माध्यमिक तह | |
|---|---|
| विज्ञपन नं/विषय | संख्या |
| ०९/०८३/८४/ अर्थशास्त्र | १ |

| २. पूर्व प्राथमिक तह | |
|---|---|
| विज्ञापन नं/विषय | संख्या |
| १०/०८३/८४/ | २ |

२. उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता

**क) माध्यमिक तहः** सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको,

**ख)पूर्व प्राथमिक तहः** माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण भएको

**अन्य आवश्यक कागजातहरु :**

क) सम्बन्धित तहको स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

ग) दरखास्त फाराम बुझाउने अन्तिम मिति २०८३ भाद्र ३१ गतेसम्ममा १८ वर्ष पुरा भई ४० बर्ष उमेर ननाघेको हुनुपर्ने छ।

३. उम्मेद्वारले अनिवार्य रूपले पेश गर्नु पर्ने कागजातहरूः

क) नगरपालिकाद्वारा स्वीकृत गरिएको दरखास्त फाराम

ख) परीक्षा दस्तुरःमाध्यमिक तह रु १०००।- र पूर्व प्राथमिक तह रु ५००।-को कार्यालय नगदी राजस्व रसिद।

ग) उम्मेद्वार हुनको लागि तोकिएका कागजातहरू।

घ) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि।

४. दरखास्त फाराम साथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरूमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ।

५. परीक्षाको किसिमः (क) लिखित परीक्षा (ख) मौखिक परीक्षा

६. दरखास्त फाराम पेस गर्ने अन्तिम मितिः २०८३ भाद्र ३१ गतेसम्म, उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन तोकिएको परीक्षा दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

७. लिखित परीक्षा हुने मितिः पछि प्रकाशन गरिनेछ।

८. अन्तरवार्ताको मिति, स्थान र समयः लिखित परीक्षाको नजिता प्रकाशित गर्दा मिति, समय र स्थान तोकिने छ।

९. विज्ञापन सम्वन्धी थप जानकारीः

क) कुनै पनि शर्त राखी दरखास्त स्वीकृत गरिने छैन।

ख) कुनै उम्मेदवारले झुठ्ठा विवरण (कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम जुन सुकै बखत रद्द गरी कानुन बमोजिम कारबाही गरिने छ।

ग) शिक्षक सेवा आयोगले खुला प्रतियोगितात्मक परीक्षाको लागि तोकको नयाँ पाठ्यक्रम बमोजिम हुनेछ।

१०. दरखास्त सङ्कलन, रुजु र स्वीकृत गरी प्रवेशपत्र वितरण नगरपालिकाबाट हुने छ।

२०८३।०५।१६

पूर्ण बहादुर बिश्वकर्मा
उप-सचिव

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np